निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको आगामी गाउँसभाको १८ औं अधिवेशन आगामी मिति २०८२ पुस २४ गते बिहान ११:३० बजे सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगले मिति २०८२।०८।२६ गते सूचना प्रकाशन गरि आगामी आर्थिक बर्ष २०८३।०८४ मा सञ्चालन गरिने संघिय समपूरक तथा बिशेष अनुदानको योजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश गर्न सूचना प्रकाशन गरेबमोजिम तिनाउ गाउँपालिकाले आगामी आर्थिक बर्षका लागि देहायबमोजिमका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

**समपूरक तर्फः**

| प्राथमिकता क्रम | आयोजनाको नाम | लागत अनुमान रकम रु. | नयाँ/क्रमागत | संघीय सरकार सँग माग गर्ने रकम रु. | स्थानीय तहबाट गरिने लागत साझेदारी रकम रु. | आवश्यकता | पुष्ट्याइ |
|---|---|---|---|---|---|---|---|
| १. | झुम्सा – तिलोत्तमा मा.वि. हुँदै चौकीभञ्ज्याङ सम्म मोटर बाटो स्तरोन्नती | ३,१२,००,०००। | नयाँ | १,५६,००,०००। | १,५६,००,०००। | विस्तृत परियोजना प्रतिवेदन तयार भइ अलपत्र अवस्थामा रहेकोले। | अन्तर जिल्ला जोड्ने बैकल्पिक मार्गको रुपमा चित्रण गरिएकोले। |
| २. | खुर्सानी–कचल–पाहारे मोटरबाटो स्तरोन्नती | ३,३०,००,०००। | नयाँ | १,६५,००,०००। | १,६५,००,०००। | सडक पहुँचबाट बञ्चित रहेकोले। | सडकमा पहुँच कायम गरि सहज जीवनयापन गर्नु पर्ने भएकोले। |
| ३. | डुम्रे-मस्याम–पुग्दी मोटर बाटो स्तरोन्नती | ३,६४,००,०००। | नयाँ | १,८२,००,०००। | १,८२,००,०००। | विगतमा स्तरोन्नतीको कार्य सुरु भइ सम्पन्न हुन नसकेकोले। | थप सुधार तथा पुरा गर्नुपर्ने भएकोल। |

**बिशेष तर्फः**

| प्राथमिकता क्रम | आयोजनाको नाम | लागत अनुमान रकम रु. | नयाँ/क्रमागत | संघीय सरकार सँग माग गर्ने रकम रु. | आवश्यकता | पुष्ट्याइ |
|---|---|---|---|---|---|---|
| १. | तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना | २,४५,००,०००। | **क्रमागत** | २,४५,००,०००। | विगत वर्षदेखि निरन्तर कार्यान्वयन भइ अन्तिम चरणमा पुगकोले। | कार्यक्रम सम्पन्न गरि शैक्षिक गुणस्तर तथा साक्षरता सुधार हुने भएकोले। |
| २. | तिनाउ कृषि तथा पशुपक्षी व्यवसाय प्रबर्द्धन कार्यक्रम | १,३५,९३,०००। | **क्रमागत** | १,३५,९३,०००। | विगत वर्षदेखि निरन्तर कार्यान्वयन भइ अन्तिम चरणमा पुगकोले। | कृषि तथा पशुपक्षी व्यावसाय प्रबर्द्धन गरि उद्यमशीलता विकास भएकोले। |
| ३. | तिनाउ पोषण प्रबर्द्धन कार्यक्रम | २,५०,००,०००। | नयाँ | २,५०,००,०००। | पोषण तथा स्वास्थ्यमा अपेक्षित सुधार गर्नु परेकोले। | पूर्ण पोषण मैत्री पालिका कायम गर्नु परेकोले। |

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा देहायबमोजिमका सर्वसम्मत निर्णयहरु गरियो।

क. तिनाउ ६ पाटन स्थित पाटन सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारी रिक्त भएको कारण सेवा प्रवाहमा कठिनाइ भएको हुँदा उक्त रिक्त पद आगामी सभाबाट स्विकृत हुने गरि पदपूर्ती प्रकृया अगाडी बढाउने।

ख. वैदिशिक रोजगारलाइ मर्यादित तथा सुरक्षित बनाउन सम्बन्धित घर धुरी तथा व्याक्तिहरु सँग तथ्यांक संकलन गरि विस्तृत सामाजिक तथा आर्थिक प्रोफाइल तयार गर्ने उद्देश्यले Migration Profile तयार गर्ने र सो को लागि गाउँपालिकाले सामी कार्यक्रममा मनोसामाजिक परामर्शकर्ताको पारिश्रमिकको लागि विनियोजन गरेको बजेटबाट खर्च हुने पारिश्रमिक बाहेकबाट व्यवस्थापन गर्ने।

ग. तिनाउ २ स्थित बञ्चरेडाँडामा विपद निम्ती निर्माणजन्य पदार्थ थुप्रिएर बसेको र सो को उचित व्यवस्थापन नगर्दा थप विपद सिर्जना हुन सक्ने सम्भावना रहेको हुँदा प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन कार्य गर्न स्रोत सुनिश्चित गरि कार्यक्षेत्रगत शर्त स्विकृत गर्ने निर्णय गरियो।

तिनाउ गाउँपालिको प्रशासकीय गतिविधीहरु नियमित,थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक रहेका ऐनहरुको सम्बन्धमा सो ऐनहरुको विधेयकको मस्यौदा तर्जुमाको लागि सम्बन्धित बिषयगत समितिलाई पूर्वसहमति प्रदान गर्ने।

देहायः

१. तिनाउ गाउँपालिकाको स्वास्थ्य सम्बन्धी विधेयक,२०८२
२. तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक,२०८२

घ. तिनाउ कृषि तथा पशुपक्षी व्यवसाय प्रबर्द्धन कार्यक्रम कार्यान्विय गर्ने सन्दर्भमा इच्छुक कृषक समुह तथा सहकारी सँग माग निवेदन संकलनका लागि सूचना प्रकाशन गरेकोमा केही कार्यक्रममा स्विकृत संख्या भन्दा माग निवेदन बढी हुन आएकोले देहायबमोजिम कायम हुने गरि कार्यक्रम कार्यान्वयन गर्ने।